चौविसे गाउँपालिका

# कोरोना भाइरस (कोभिड-१९) संक्रमण उपचार राहत कोष सञ्चालन कार्यविधि, २०७८

| गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत | मिति : २०७८ /०२ /३० |
| --- | --- |

चौविसे गाउँ कार्यपालिका

राजारानी, धनकुटा

१ नं.प्रदेश,नेपाल

प्रमुख प्रशासकीय अधिकृत

# कोरोना भाइरस (कोभिड-१९) संक्रमण उपचार राहत कोष सञ्चालन कार्यविधि, २०७८

प्रस्तावना : चौविसे गाउँपालिका क्षेत्रभित्र गैरप्राकृतिक विपद् कोरोना भाइरस (कोभिड-१९) बाट हुन सक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण एवं उपचार कोष सञ्चालन कार्यविधि बनाउन वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चौविसे गाउँ कार्यपालिकाको मिति २०७८।०२।३० गते बसेको बैठकको निर्णय बमोजिम यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "कोरोना भाइरस (कोभिड-१९) संक्रमण उपचार राहत कोष सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले "कोरोना भाइरस (कोभिड-१९) संक्रमण उपचार राहत कोष सञ्चालन कार्यविधि, २०७८" सम्झनुपर्छ।

(ख) "कोष" कोरोना भाइरस (कोभिड-१९) संक्रमण उपचार राहत कोष भन्नाले सम्झनुपर्छ।

(ग) "संक्रमित व्यक्ति वा प्रभावित व्यक्ति" भन्नाले कोरोना भाइरसवाट संक्रमण भएको वा सोही प्रभावले संक्रमित भई ज्यान गुमाएको व्यक्ति सम्झनुपर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले चौविसे गाउँपालिकालाई सम्झनपर्छ।

(च) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिमको समितिलाई सम्झनुपर्छ।

(छ) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनुपर्छ।

(ज) "स्थायी बासिन्दा" भन्नाले चौविसे गाउँपालिकाबाट अन्त कतै बसाईसराई नभएको चौविसे गाउँपालिकाको नागरिकता प्राप्त भएको व्यक्ति सम्झनुपर्छ।

## परिच्छेद -२
## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. **कोषको स्थापना :** (१) कोरोना भाइरसका कारण उत्पन्न भएको वा हुनसक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्नका लागि आवश्यक पर्ने स्रोत संकलन र परिचालन गर्न गाउँपालिकामा एक कोरोना भाइरस (कोभिड-१९) संक्रमण उपचार राहत कोष रहनेछ।



प्रमुख प्रशासकीय अधिकृत

४. **कोष सम्बन्धी विशेष व्यवस्था** : (१) कोषको रकम कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण, संक्रमित व्यक्तिको उपचार खर्च तथा संक्रमणबाट मृत्यु भइ ज्यान गुमाएको व्यक्तिको मृत्यु संस्कार खर्चसँग सम्बन्धित क्षेत्रमा मात्र खर्च गरिनेछ ।

(२) कोरोना भाइरस संक्रमण पूर्णरुपमा नियन्त्रण आएको भनी नेपाल सरकारले घोषणा गरेमा यस कोषमा रहेको रकम स्थानान्तरण सम्बन्धी गाउँपालिकाको कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

५. **कोषको उद्देश्य** : (१) कोरोना भाइरस (कोभिड १९) ले पारेको प्रभाव र संक्रमण रोकथाम, नियन्त्रण, न्यूनीकरण तथा संक्रमितहरुको तोकिए बमोजिमको उपचार खर्च, संक्रमितको मृत्यु भएमा मृत्यु संस्कार खर्च बापतको नगद उपलब्ध गराउनु कोषको उद्देश्य हुनेछ ।

६. **कोभिड -१९ नियन्त्रण तथा व्यवस्थापन समिति:** (१) गाउँपालिका क्षेत्रभित्र कोरोना भाइरस (कोभिड-१९) नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि देहाय बमोजिम कोरोना भाइरस (कोभिड-१९) नियन्त्रण तथा व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) प्रतिनिधि, स्थानीय प्रहरी कार्यालय – सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(२) समितिले स्थानीय विपद् व्यवस्थापन सम्बन्धी कार्यमा योगदान पुर्याउन सक्ने अन्य व्यक्ति वा गैर सरकारी संस्थालाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

७. **कोषको प्रयोग** : (१) कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण, संक्रमित व्यक्तिको उपचार कोषको रकम खर्च गर्नका लागि गाउँपालिकाबाट देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ ।

(क) गाउँपालिका क्षेत्रभित्रका स्थायी बासिन्दा कोरोना भाइरस (कोभिड-१९) संक्रमित भइ अस्पताल भर्ना भएर उपचार गरेको भएमा दैनिक खर्च (एक दिन बराबर) प्रतिव्यक्ति रु. ७००।-(सात सय) को दरले बढीमा ३०( तिस) दिनसम्मको उपचार खर्च उपलब्ध गराइनेछ ।

(ख) कोरोना भाइरस (कोभिड-१९) संक्रमित भइ ज्यान गुमाएको व्यक्तिको हकमा मृत्यु संस्कार खर्च स्वरुप प्रतिव्यक्तिको परिवारलाई सहायता रु. ३०,०००।-(तिस हजार) उपलब्ध गराइनेछ ।

(ग) खण्ड (क), (ख) मा भएको व्यवस्था स्वास्थ्य बीमा गर्नेले र नगर्ने दुवैले पाउनेछ ।

(घ) कोरोना भाइरस (कोभिड-१९) संक्रमण वा जोखिममा रहेका वा त्यसबाट प्रभावित व्यक्ति, समुदायको उद्दार उपचार सम्बन्धी कार्य गर्न ।

(ङ) कोभिड-१९ उपचार सम्बन्धी कार्यमा संलग्न संस्थालाई आवश्यक पर्ने औषधी, स्वास्थ्य उपकरणहरु, सेनिटाइजर, मास्क, पन्जा लगायतका सामग्री खरिद र ढुवानी गर्न ।



प्रमुख प्रशासकीय अधिकृत

८. **राहत खर्च रकम वितरण गर्ने विधि:** (१) देहायको आवश्यक कागजात बुझिलिइ र विधि अवलम्बन गरी दफा ७ बमोजिमको रकम उपलब्ध गराइनेछ :-

(क) कोभिड-१९ पोजेटिभ रिपोर्ट सक्कल प्रति,
(ख) अस्पताल भर्ना भएको कागज सक्कल प्रति (Admit paper),
(ग) औषधी उपचार खर्चको सक्कल बिल भर्पाइ,
(घ) कोभिड-१९ नेगेटिभ रिपोर्ट सक्कल प्रति,
(ङ) अस्पतालको Discharge paper सक्कल प्रति,
(च) सम्वन्धित वडाध्यक्षको सिफारिस पत्र सक्कल प्रति ।

(२) कोरोना संक्रमित भइ उपचारत बिरामीको हकमा कोभिड-१९ नेगेटिभ रिपोर्ट आएको १५ दिनभित्र उपदफा (१) बमोजिमको कागजात सहित गाउँपालिकामा दाबी गरीसक्नुपर्नेछ ।

(३) मृत्यु भएको हकमा परिवारभित्रको नजिकको हकवालाले बढीमा १ महिना भित्र उपदफा (१) बमोजिम कागजात र मृत्युदर्ताको सक्कल प्रति समेत संलग्न गरी गाउँपालिकामा दाबी गरीसक्नुपर्नेछ ।

## परिच्छेद - ३
## विविध

९. **अभिलेख राख्ने :** (१) कोष परिचालनको सम्वन्धमा गरेको निर्णय र अन्य काम कारबाहीको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य-सचिवको जिम्मामा रहनेछ ।

१०. **अनुगमन :** (१) यस कार्यविधि बमोजिम कोषको रकम वितरण भएको कामको नियमित तथा आकस्मिक अनुगमन गाउँ कार्यपालिकाले गर्नेछ ।

(२) अनुगमनको क्रममा कुनै व्यक्तिले झुठा विवरण पेश गरी कोषबाट राहत खर्च प्राप्त गरेको वा उपलब्ध रकमको दुरुपयोग गरेको पाइएमा दोषी उपर प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

११. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

१२. **बचाउ :** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले
जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत